**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

त्रिवेणी नगरपालिका

राजपत्र

| | | |
|---|---|---|
| खण्ड २०७८ | संख्या ०१ | मिति: २०७८/०७/१४ |

**भाग-१**

**त्रिवेणी नगरपालिका**

# ब्याक-हो लोडर संचालन सम्वन्धि कार्यविधि, २०७८

# त्रिवेणी नगरपालिका नगरकार्यपालिकाको

# कार्यालय तोली बाजुरा

# ब्याक-हो लोडर संचालन सम्वन्धि कार्यविधि, २०७८

---

त्रिवेणी नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास गर्नका लागी यस नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको ब्याक-हो लोडर देहायका शर्त एवं बन्देजमा रही संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम त्रिवेणी नगरपालिकाले **"ब्याक-हो लोडर संचालन कार्यविधि, २०७८"** स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।

**(१) संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम **" ब्याक-हो लोडर संचालन सम्वन्धि कार्यविधि, २०७८"** रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिका बैठकवाट स्वीकृत भएको मिति देखी लागू हुनेछ।

**(२) परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा;**

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले त्रिवेणी नगरपालिका सम्झनु पर्दछ।

(ग) "नगरसभा" भन्नाले त्रिवेणी नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(घ) "नगरकार्यपालिका" भन्नाले त्रिवेणी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख" भन्नाले त्रिवेणी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(च) "उपप्रमुख' भन्नाले त्रिवेणी नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले त्रिवेणी नगरपालिकाको कार्यालय तोली वाजुरा सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रिवेणी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(झ) "लोडर" भन्नाले नगर कार्यपालिकाको स्वामीत्वमा रहेको ब्याक-हो लोडरलाई सम्झनु पर्दछ।

(ञ) "शाखा प्रमुख" भन्नाले त्रिवेणी नगरपालिकाको पूर्वाधार क्षेत्र हेर्ने योजना तथा प्राविधिक शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(ट) "संयोजक" भन्नाले नगरपालिकाको पूर्वाधार विकास समितिको संयोजकलाई सम्झनु पर्दछ।

(ठ) "जिन्सी शाखा" भन्नाले नगरपालिकाको जिन्सी शाखालाई सम्झनु पर्दछ।

**३. उद्देश्य:**

त्रिवेणी नगरपालिकाको कार्यालयवाट संचालन गरिने भौतिक विकासका योजनाहरु, स्थानीय नगरवासी, संघ/संस्था, नेपाल सरकारद्धारा संचालित विकास आयोजनाहरु, दातृ निकायवाट संचालन गरिने विकास आयोजनाहरु तथा छिमेकी नगर तथा गाँउपालिकाहरुको विकास कार्यक्रममा माग भई आए अनुसार प्राथमीकताका आधारमा कार्य संचालनमा पठाउनका लागी आवश्यक प्रक्रिया पुरा गर्नु यो कार्यविधिको प्रमुख उद्देश्य रहनेछ।

**४. संचालन विधि:**

त्रिवेणी नगरकार्यपालिकाको कार्यालयमा रहेको ब्याक-हो लोडर संचालनका लागी देहायको प्रक्रिया पुरा भए पश्चात मात्र फिल्डमा खटाईनेछ:

(क) ब्याक- हो लोडर माग गर्न व्यक्ति वा संस्थाले नगरपालिकाको कार्यालयले स्विकृत गरेको फारमको ढाँचामा निवेदन सहित पेश गर्नुपर्नेछ।

(ख) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर नगरप्रमुख/कार्यालय प्रमुखवाट आदेश भएपश्चात के कति समयका लागी माग गरिएको हो, माग गरिएको समय वरावरको नगर कार्यपालकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम नगर कार्यपालिकाको कार्यालयमा नगदै वा तोकीएको बैकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(ग) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क वुझाएपश्चात नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमीकता दिई खटाईनेछ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमीकताका साथ खटाउने व्यवस्था मिलाईनेछ।

(घ) नगरपालिकावाट स्विकृत आयोजनाहरुका हकमा उपभोक्ता समिति तथा ठेक्का मार्फत संचालन गर्दा मेशीनको माग भई आएमा लोडर प्रयोग गरेवापत प्रयोगकर्ताको योजनाहरुवाट अन्तिम किस्ता रकम भूक्तानी हुदाको समयमा नियमानुसार लाग्ने शुल्क कार्यालयवाट कट्टी गरी भूक्तानी दिईनेछ।

(ङ) ब्याक- हो लोडर अपरेटरलाई नगर कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेश विना कुनै स्थान विशेषमा मेशिन लिएर काम गर्ने गराउने अधिकार रहने छैन।

(च) निवेदकले माग गरिएको समय भन्दा वढी समयसम्म काम काज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खवर गरि थप कार्यादेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएर मात्र मेशीन संचालन गर्नु पर्नेछ।

(छ) मेशीन प्रयोग गरेवापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ।

(ज) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डदेखी काम सम्पन्न गरी पुन: कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशीन प्रयोगकर्ताले बुझाउनुपर्नेछ।

(झ) मेशीन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशीन अपरेटरले कामको विवरण सहित मिटरको अध्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

(ञ) अभिलेख अध्यावधिकका लागी कार्यालयवाट आवश्यक फारमहरुको व्यवस्था गरिनेछ।

(ट) नगरपालिकाको कार्यालयवाट सोझै गरिने कामको समेत विवरण अध्यावधिक गरि लगत खडा गरिनेछ।

(ठ) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संघ/संस्थाले ब्याक-हो लोडर शुल्क बुझाउदा त्रिवेणी नगरपालिका कार्यालय तोली वाजुराको नाममा नेपाल वैक लि. त्रिवेणी शाखा वाजुरामा रहेको धरौटी खाता हि.नं. २६८०३००००३०००००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ वा कार्यालयको राजश्व शाखामा नगद जम्मा गर्न सकिनेछ।

(ड) ब्याक-हो लोडर काममा खटिई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोग कर्ताको धरौटी रकम संचित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमा मात्र नगर प्रमुख/कार्यालय प्रमुखको आदेशका आधारमा संचित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेक मार्फत फिर्ता गरिनेछ।

**५. ईन्धन तथा मर्मत सम्वन्धि व्यवस्था:**

(क) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फारम स्विकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेन्टस खपतको अध्यावधिक लगत मेशीन अपरेटरले तयार गरि ईन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मतसम्वन्धि सम्पूर्ण कार्यको बिस्तृत लगत नगर कार्यपालिकाको कार्यालय जिन्सी शाखामा अध्यावधिक गरि राखिनेछ।

(ग) मेशिन बिग्रिएको लिखित जानकारी मेशीन अपरेटरले आफूलाई जानकारीमा आएको समयमै तत्काल कार्यालयलाई गराउनुपर्नेछ। कार्यालयवाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत संभार कार्य गरिनेछ।

(घ) मर्मत संभारका कार्य गराउदाको अवधिमा मेशिन अपरेटर वा ईन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ।

## ६. ब्याक-हो लोडर संचालन शुल्क सम्वन्धि व्यवस्था:

कुनै व्यक्ति, उपभोक्ता समूह, संघसंस्था वा प्राईभेट फार्म संचालन कर्तावाट ब्याक-हो लोडर माग भई आएमा निम्न वमोजिमको शुल्क नगदै वा तोकिएको बैक खाता मार्फत अग्रिम वुझाउनुपर्नेछ:

(क) त्रिवेणी नगरपालिका क्षेत्र भित्र आफ्नो लगानीमा उपभोक्ता समितिमार्फत संचालन गरिने योजनाको कामका लागि प्रतिघण्टा रु १८००। र त्रिवेणी नगरपालिका क्षेत्रभित्र अन्य निकाय, फर्म वा ठेक्का मार्फत संचालित योजनाहरु साथै छिमेकी गाँउपालिका र नगरपालिका क्षेत्रमा योजनाहरुको कामका लागी प्रतिघण्टा रु २२००।

(ख) माथि (क) उल्खीत वुँदाहरुभित्र ईन्धन लगायत लाग्ने खर्चहरु प्रयोगकर्ता स्वयम्ले ब्यहोर्नुपर्नेछ।

## ७. कर्मचारी सम्वन्धि व्यवस्था:

(क) ब्याक-हो लोडर संचालनका लागी आवश्यक पर्ने अपरेटर १ जना, द्विपक्षीय सम्झौताको सेवा र शर्तमा रहने गरी तथा अपरेटर सहयोगी १ जना जनशक्तिका हकमा स्थानीयतह संचालन ऐन, २०७४ वमोजिम करार सेवामा नियुक्त गरिनेछ।

(ख) ब्याक-हो लोडरका सहयोगीलाई वढीमा जिल्ला दररेट अनुसार ज्यामीले पाउने दैनिक ज्याला उपलब्ध गराईनेछ तर करार सम्झौता घटिघटमा काम गर्न ईच्छुकलाई प्राथमीकता दिईनेछ।

(ग) अपरेटर तथा अपरेटर सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भंग गरी क्षतिपूर्ति असुल उपर गरिनेछ।

## ८. ब्याक-हो लोडर संचालक समिति सम्वन्धि व्यवस्था:

ब्याक-हो लोडर संचालन तथा व्यवस्थापनका लागी तपसिल वमोजिमको समिति रहनेछ।

(क) नगर प्रमुख – संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) पूर्वाधार विकास समिति संयोजक – सदस्य
(घ) योजना शाखा प्रमुख – सदस्य
(ङ) प्राविधिक शाखा प्रमुख ईन्जिनियर – सदस्य

## ९. विविध:

(क) मेशिनको माईलमिटर लगायतका आधारभूत कार्य अध्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ।

(ख) मेशिन कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछ। नगरपालिकाको ईन्जिनियर र भण्डार प्रमुखले समेत मेशिनको हिफाजत गर्ने कार्यमा पूर्ण ध्यान दिनुपर्नेछ।

(ग) मेशिन फिल्ड खटाउने/नखटाउने सिफारिस योजना तथा ईन्जिनियरको हुनेछ।

(घ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गरी स्वीकृतिका लागी कार्यपालिका समक्ष पेश गर्न सक्नेछ।

अनुसूचीहरु

अनुसूची १

ब्याक-हो लोडर माग दरखास्त फारम

अनुसूची २

ब्याक-हो लोडर मर्मत निवेदन फारम

**अनुसूची १**

मिति:

श्रीमान नगर प्रमुख ज्यू।
त्रिवेणी नगरपालिका
तोली, वाजुरा

**बिषय: ब्याक-हो लोडर उपलब्ध गरी पाँउ।**

**महोदय,**

यस त्रिवेणी नगरपालिका नगर कार्यापालिकाको कार्यालयको ब्याक-हो लोडर आवश्यक परेकोले निम्न वमोजिमको विवरण भरी माग गरेको छु/छौं। नियमानुसार लाग्ने शुल्क लिई ब्याक-हो लोडर उपलब्ध गराई पाँउ।

(क) माग गर्नेको तर्फवाट भर्ने :

| माग गर्ने व्यक्ति/संस्था/ उपभोक्ता समिति/ फर्म/ कम्पनी | कामको विवरण (छोटकरिमा) | प्रयोगहुने स्थान/ ठेगाना | मेशिन प्रयोग हुने अनुमानीत समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

माग गर्नेको:

..........................................
दस्तखत
नाम:
पद:
ठेगाना:

**(ख) कार्यालयको तर्फवाट (प्राविधिक तथा योजना शाखाले भर्ने)**

| नगरपालिकावाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | काममा लाग्ने अनुमानित समय | अनुमानित समय अनुसार शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

............................
प्राविधिक शाखा प्रमुख
पेश गर्ने

...........................
योजना शाखा प्रमुख
चेक गर्ने

..........................................
प्रमुख प्रशासकीय अधिकृत
सिफारिस गर्ने

**(ग) राजश्व शाखाले भर्ने:**

| रसिद नं र मिति | जम्मा गरिएको रकम रु | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

..........................................
नगर प्रमुख
स्वीकृत गर्ने

## अनुसूची २

मिति:

श्रीमान प्रमुख ज्यू।
त्रिवेणी नगरपालिका
तोली वाजुरा

**बिषय: ब्याक-हो लोडर मर्मत सम्वन्धमा।**

**महोदय,**

यस त्रिवेणी नगरकार्यपालिकाको कार्यालयको ब्याक-हो लोडरको तपसिलको पार्टसमा खराबी आई संचालन गर्न बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाईदिन हुन यो निवेदन पेश गर्दछु। श्रीमानको जो आदेश।

**तपसिल:**

| समस्या आएको मेशिनको पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

..............................................
मेशिन अपरेटरको दस्तखत
नाम:

**ईन्जिनियरको सिफारिस:**
उपरोक्त सामानहरु फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखीएकोले सिफारिस गर्दछु।

..............................................
दस्तखत
नाम:

आज्ञाले,

चिरन्जीवी प्रशाद शाह

नि.प्रमुख प्रशासकीय अधिकृत